नेपाल सरकार
# अर्थ मन्त्रालय
(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०७५/७६
च. नं.:- ३३

मितिः २०७५/४/२१

बिषयः महंगी भत्ता, पोशाक र सावधिक जीवन बीमाको बीमाङ्क वृद्धि सम्वन्धमा।

श्री सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५/४/१८ को निर्णयानुसार महंगी भत्ता, पोशाक सुविधा र सावधिक जीवन बीमाको बीमाङ्क देहायवमोजिम वृद्धि भएको हुँदा सो व्यवस्था कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

क) महंगी भत्ता प्राप्त गरिरहेका पदाधिकारी/कर्मचारी लगायतका राष्ट्रसेवकहरुको लागि २०७५ साउन १ गतेदेखि लागू हुने गरी मासिक रू.१ हजार थप गरी रू.२ हजार उपलब्ध गराउने।

ख) पोशाक सुविधा प्राप्त गरिरहेका पदाधिकारी/कर्मचारीहरु लगायत राष्ट्रसेवकका लागि आर्थिक वर्ष २०७५/७६ देखि रू.७ हजार ५ सयमा वृद्धि गरी रू.१० हजार उपलब्ध गराउने।

ग) निजामती कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, शिक्षक लगायतका राष्ट्रसेवक कर्मचारीलाई हाल उपलब्ध गराइदै आएको रू.१ लाखको बीमाङ्क रकम वृद्धि गरी रू.२ लाख बीमाङ्क कायम गर्न २०७५ साउन १ गते देखि लागू हुने गरी नेपाल सरकारबाट रू.४ सय र सम्बन्धित कर्मचारीले मासिक रू.४ सय योगदान गरी साविक वमोजिमनै नागरिक लगानी कोषमा रकम जम्मा गर्ने ।

(चन्द्र दाहाल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np